## ईसा अल मसीहको बारेमा तपाई के सोच्नुहुन्छ ?

प्रिय मित्र, या त तपाई ईन्जीलको शिक्षासँग सहमत हुनुहुन्छ होला वा तपाईंले (जन्नत) स्वर्गबाट आएको आसमानी किताब ईन्जीललाई ईन्कार गर्नुहुन्छ होला । अवस्था जस्तोसुकै हुन सक्ने भए तापनि, तपाईंले ईसा अल मसीहको बारेमा के सोच्नुहुन्छ भन्ने कुरा हामी सुन्न चाहन्छौं । यदि तपाईंले हामीलाई पत्राचार गर्न चाहनुहुन्छ भने, हामी तपाईंलाई अन्य किताबहरू सित्तैंमा पठाउन तयार छौं, ताकि तपाईंले ईसा अल मसीहलाई र उहाँको (पाक) पवित्र जीवनलाई अझ राम्रोसँग जान्न सक्नुहोस् ।

**"अनि कलाम शरीर हुनुभयो, अनि हाम्रा माझमा अनुग्रह र सत्यताले पुर्ण भएर वास गर्नुभयो ।"**

(यूहन्नाको ईन्जील १:१४)



# ईसा अल मसीहको बारेमा तपाई के सोच्नुहुन्छ ?

लेखक
**अब्दुल मसीह**

अनुवाद
**युसुफ यूहन्ना**

सम्पादन
**साबिर साफी**

प्रकाशक
**खुदाका कलाम**
पो.ब.नं. १६१५
काठमाडौं, नेपाल
मो.नं. ९८०८०८३५२०
e-mail:khudakakalam@gmail.com

## ईसा अल मसीहको बारेमा तपाई के जान्नुहुन्छ ?

संसार आफ्नो अन्तिम लक्ष्यतिर हतारिँदै दगुरिरहेको छ। सबै कुराको अन्त्य आउनै लागेको छ। हरेक भक्त र धार्मिक कुरामा चाख लिने मानिसलाई ईसा अल मसीह खुदाको तर्फबाट फेरि आउँदै हुनुहुन्छ भन्ने कुरा थाहा हुन्छ। अन्जानहरूले हिम्मत हार्नेछन् किनभने तिनीहरूले ईसा अल मसीहको व्यक्तित्व र उहाँको साँचो (तागत) शक्तिलाई बेवास्ता गरेका छन्।

तपाईंले यस क्षणमा यो कुरा पनि अनुभव गर्न सक्नुहुन्छ कि तपाईंले यहाँ र अनन्ततामा जिउनुहुने जीवन यो प्रश्नमाथि निर्भर हुन्छः ईसा अल मसीहसँग तपाईंको के सम्बन्ध छ ? यदि तपाईंले ईसा अल मसीहको व्यक्तित्वको साँचो सार बुझ्नुहुन्छ भने, तपाईंले आफूलाई उहाँप्रति खुल्ला पार्नुहुनेछ र उहाँले तपाईंलाई आनन्दले भरिदिनुहुनेछ। त्यसपछि तपाईंको जीवनका सम्पूर्ण विषयहरू नयाँ ज्योतिमा देखिनेछन् - किनकि ईसा अल मसीहमा नै बुद्धि र ज्ञानको सम्पूर्ण भण्डारहरू लुकेका छन्। आखिरतको समयमा महिमामा आउनुहुने ईसा अल मसीहले तपाईंलाई सोध्नुहुनेछः “तिमीले मेरो बारेमा के सोचेका थियौ ?” समय छँदै उहाँको जीवनबारे हामीसँगै विचार गर्नुहोस्, र तपाईंले उहाँको अनुग्रह र दयाद्वारा हृदयमा सान्त्वना र तपाईंका समस्याहरूको समाधान पाउनुहुनेछ।

## ईसा अल मसीहको आश्चर्यजनक जन्मको बारेमा तपाई के सोच्नुहुन्छ ?

ईसा अल मसीह झैं कोही मानिस कहिल्यै पनि जन्मेको छैन र जन्मिने पनि छैन किनभने उहाँ मर्यमका पुत्र हुनुहुन्छ। इस्माइललाई इब्राहिमका पुत्र, यूहन्नालाई जकर्याहका छोरा र मुहम्मदलाई “अब्दुल्ला’ का पुत्र भनिन्छ। त्यसै गरी, सबै मानिसहरूले आ-आफ्ना पिताबाट आफ्ना नाउँहरू पाउँदछन्। त्यसो भए किन ईसा अल मसीहलाई उहाँकी आमाको नामबाट मात्र चिनिन्छ त ? किनभने अन्य पिताहरूसँग तुलना गर्न सकिने उहाँको कुनै बुबा हुनुहुन्न। उहाँ कन्यबाट जन्मिनुभयो। उहाँको जन्म खुदाको शक्ति र उहाँको अनन्त योजनामाथि आधारित थियो।



उहाँको जन्म हुनुभन्दा सात सय वर्षअगाडि, नवी यशैयाले त्यो जन्म कसरी हुनेछ भन्ने तरिकाबारे भविष्यवाणी यसो भनेर गरेः “यसैकारण खुदावन्द आफैले तिमीहरूलाई एउटा (मोजेजा) चिन्ह दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछिन्, र त्यसले एउटा पुत्र जन्माउनेछिन् र उहाँको नाउँ इम्मानुएल राखिनेछ, जसको अर्थ खुदावन्द हामीसँग” (यशैया ७:१४)। खुदाले आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो किनभने उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ, अनि खुदाको निम्ति कुनै पनि कुरा असम्भव हुँदैन।

ईसा अल मसीह खुदाको कलाम हुनुहुन्छ भन्ने कुरा के तपाईंलाई थाहा थियो ? ईन्जीलको पुस्तकमा रहेका यी अभिप्रेरित वचनहरू (कलाम) पढ्नुहोस् जसले यो घोषणा गर्दछन्ः “शुरूमा कलाम हुनुहुन्थ्यो, अनि कलाम खुदासंग हुनुहुन्थ्यो....अनि कलाम शरीर हुनुभयो, अनि हाम्रा माझमा अनुग्रह र सत्यताले पुर्ण भएर वास गर्नुभयो” (यूहन्नाको ईन्जील १:१, १४)। खुदासँग रहेको सृष्टि गर्ने सम्पूर्ण शक्ति, जसले उहाँका (पाक) पवित्र कलामहरूमा काम गरेको थियो, कलाम अर्थात् ईसा अल मसीहसँग एकिकृत भयो। अनि यदि तपाईंले उहाँको जन्म हुँदाखेरिका घटनाहरूबारे मनन गर्नुहुँदा, तपाईं अचम्भित हुनुहुनेछ किनभने मर्यम का पुत्र झैं गरी कुनै पनि मानिस जन्मिँदैन र उहाँसँग तुलना गर्न सकिने कोही पनि छैन। उहाँको जन्मको सम्बन्धमा उहाँ अद्वितीय हुनुहुन्छ।

खुदाले आदमलाई माटोबाट बनाउनुभयो भन्ने कुरा के तपाई सम्झनुहुन्छ ? हामी सबैजना आदमका सन्तान हौं, र नबीहरू पनि अरु केही नभई यही माटोबाट बनाइएका सृष्टिहरू हुन्। हामी सबैजना सांसारिक - तलबाटका हौं। तर ईसा अल मसीह भने माथिबाटका हुनुहुन्छ किनभने उहाँ जन्नतबाट ओर्ली आउनुभयो। उहाँ शुद्ध, निष्खोट, र पवित्र (पाक) हुनुहुन्छ। तर हामी सबैजना (गुनाहगार) दोषी, अपवित्र र पापी छौं किनभने हामी संसारबाटका हौं र हामी खुदावन्दका आत्माबाट जन्मिएका होइनौं।

पवित्र बाइबलमा हामीले एउटा अनौठो अभिव्यक्ति पढ्न पाउँदछौं, कि ईसा अल मसीह पापीहरूलाई बचाउन संसारमा आउनुभयो। कुनै पनि मानिसले ईसा अल मसीहको स्थान ओगट्न सक्दैन किनभने हामी सबै पृथ्वीबाट जन्मिएका हौं, तर उहाँ सीधै खुदाबाट जन्मिनुभयो। उहाँले हामी

समस्यामा परेका मानिसहरूलाई इन्कार गर्नुहुन्न, तर उहाँको (नजात) मुक्ति दिने काम पूरा हुनुभन्दा अगावै उहाँले हामीलाई चुन्नुभयो । हामी पृथ्वीबाटकाहरूलाई शुद्ध पार्न उहाँ हाम्रो दयनीय संसारमा आउनुभयो । त्यसैले ईसा अल मसीहको आश्चर्यजनक जन्मको निम्ति खुदा धन्यका हुनुहुन्छ ।

## ईसा अल मसीहको निर्दोषिताबारे तपाई के जान्नुहुन्छ ?

ईसा अल मसीह खुदाका (रूह) आत्माबाट जन्मिनुभएको थियो । उहाँको जन्म भएदेखि नै उहाँ (पाक) निर्दोष र शुद्ध रहनुभयो, उहाँले गुनाह गर्नुभएन – एक पटक पनि, न त उहाँ कहिल्यै गुनाहमा फस्नुभयो । उहाँले कहिल्यै पनि खुदावन्दसँग क्षमादान माग्नुभएन, जस्तो हामीले गर्दछौं । हामीले हाम्रा गुनाहहरू स्वीकार गर्नुपर्दछ, नत्रभने हामीले खुदालाई र हामी आफैलाई धोका दिन्छौं । नबी दाऊदले रुँदै माफी मागे, अनि खुदाका मित्र नबी इब्राहिमले पनि त्यसो नै गरे । तर यदि तपाईंले बाइबल वा कुरआनमा खोज्नुहुन्छ भने, ईसा अल मसीहले माफी माग्नुभयो भन्ने कुरा बताउने कुनै सङ्केत वा आयात भेट्टाउनुहुनेछैन – एक पटक पनि । यसैले ईसा अल मसीह पवित्र (पाक) हुनुहुन्छ ।

अब ईसा अल मसीह (बेगुनाहगार) निर्दोष हुनुभएको हुनाले, उहाँलाई शुद्धीकरणको वा धर्मी ठहऱ्याइनुपर्ने आवश्यकता थिएन ।। उहाँले आफ्ना (शत्रु) दुश्मनहरूलाई प्रष्ट रूपमा भन्नुभयोः "तिमीहरूमध्ये कसले मलाई गुनाहको विषयमा दोषी ठहराँउछ ?" (यूहन्नाको ईन्जील ८:४६) । तर तिनीहरूमध्ये कसैले पनि उहाँमा, उहाँका कलामहरूमा वा उहाँका कामहरूमा कुनै पनि गल्ती देखाउन सकेन । साथै रोमी शासकको सामु उहाँलाई केरकार गरिँदा, न्यायाधीशले तीन पटकसम्म यो कुरा कबुल गर्न बाध्य भएः "म उसमा एउटै पनि (दोष) गुनाह पाउँदिनँ ।" (यूहन्नाको ईन्जील १८:३८ र १९:४,६) ।

एक जना मानिस भित्र बसेका (बदरूह) दुष्ट आत्माहरू ईसा अल मसीहलाई देखेर डरायो र यसो भन्दै चिच्च्यायोः "हे ईसा अल मसीह, हामीलाई छोड़िदिनुहोस् ! तपाईंसँग हाम्रो के काम छ र ? के तपाईं हामीलाई नाश पार्न आउनुभएको हो ? म तपाईंलाई चिन्दछु, तपाईं को हुनुहुन्छ -



**ईसा अल मसीह (बेगुनाहगार) पापरहित हुनुहुन्छ ।** (हिब्रू ४:१५)

खुदाका पाक (पवित्र) जन हुनुहुन्छ" (मर्कूसको ईन्जील १:२४) । यसरी यस संसारमा आज र (न्याय) आखिरतको दिनमा यो कुरा प्रसिद्ध हुन्छ कि ईसा अल मसीह शुद्ध, सिद्ध र पवित्र (पाक) हुनुहुन्छ । उहाँजस्तो कोही पनि छैन - किनकि उहाँबाहेक सबैले गुनाह गरेका छन् र उहाँ मात्र पाक हुनुहुन्छ ।

## तपाईंले ईसा अल मसीहका शिक्षाहरूबाट के बुझ्नुभएको छ ?

सबै असल नवीहरू र रसुलहरूले खुदावन्दको अनन्त कलामद्वारा अभिप्रेरणा पाएका थिए । तर ईसा अल मसीहचाहिँ खुदाको कलामको सार हुनुहुन्छ जसमा सृष्टि गर्ने र प्रेम गर्ने खुदाका सबै शक्ति केन्द्रित हुन्छ । उहाँले कुरा मात्र गर्नुभएन, तर उहाँले आफूले भने अनुसार जीवनयापन पनि गर्नुभयो । उहाँको जीवनमा व्यक्तित्वको विभाजन वा आन्तरिक विरोधको आभास समेत पाइएन । खुदाको शक्ति उहाँका कलामहरूमा र उहाँका कामहरूमा देखिए र तिनले नै एक-अर्कालाई पुष्टि गरे ।

धेरै पटक, हामीले उहाँको बारेमा यस्ता अभिव्यक्तिहरू पढ्न पाउँदछौं । "अनि यस्तो भयो, जब ईसा अल मसीहले यी कलामहरू भनिसक्नुभयो, तब भीड़हरू उहाँको शिक्षामा छक्कै परे; किनभने उहाँले तिनीहरूलाई (शास्त्री) उलामाहरूले जस्तो होइन, तर अधिकार भएकोले जस्तो सिकाउनुहन्थ्यो" (मत्तीको ईन्जील ७:२८-२९) । अनि उहाँका विरोधीहरूले तिनीहरूका सेवकहरूद्वारा उहाँलाई पक्रन प्रयास गर्दा, ती सेवकहरू उहाँका कामहरू देखेर प्रभावित भए र तिनीहरूका विवेक परिवर्तन भए । तिनीहरूले उहाँको नजीक जाने साहस पनि गरेनन् । तिनीहरूले मलिन आवाजमा यसो भन्दै आफ्ना धर्मगुरुहरूकहाँ फर्किगएः "यस मानिसले जस्तो कुनै मानिसले कहिल्यै बोलेको छैन" (यूहन्नाको ईन्जील ७:४६) ।

ईसा अल मसीहले यस संसारमा हुँदा भन्नुभएको भनाइहरूमध्ये केही सुन्नुहोस्:

“संसारको ज्योति म नै हुँ; जसले मलाई पछ्याउँछ, ऊ अन्धकारमा हिँड्नेछैन, तर जीवनको ज्योति पाउनेछ” (यूहन्नाको ईन्जील ८:१२) ।

“जीवनको रोटी म नै हुँ । जो मकहाँ आउँछ, ऊ कहिल्यै भोकाउनेछैन; अनि जसले ममाथि ईमान ल्याउछ, ऊ कहिल्यै तिर्खाउनेछैन” (यूहन्नाको ईन्जील ६:३५) ।

“आफ्ना (दुश्मन) शत्रुहरूलाई प्रेम गर,... तिमीहरूलाई सताउनेहरूका निम्ति (प्रार्थना) दुआ गर” (मत्तीको ईन्जील ५:४४) ।

“न्याय नगर, र तिमीहरूको न्याय नगरियोस् । किनभने जुन न्यायले तिमीहरू न्याय गर्दछौं, त्यसरी तिमीहरूको पनि न्याय गरिनेछ; र जुन नापले तिमीहरू नाप्दछौं, त्यही नापले तिमीहरूका निम्ति फेरि नापिनेछ । अनि तिम्रो भाइको आँखामा भएको छेस्कोलाई तिमी किन हेर्दछौं, तर आफ्नै आँखामा भएको मुढ़ालाई चाहिँ थाह पाउँदैनौ ? अथवा कसरी तिमी आफ्नो भाइलाई, ‘खै’, मलाई तिम्रो आँखाबाट त्यो छेस्को निकाल्न देऊ’ भनी भन्छौ ? - हेर त तिम्रो आफ्नै आँखामा मुढ़ा छ । हे कपटी ! पहिले तिम्रो आफ्नै आँखाबाट मुढ़ा निकाल, त्यसपछि आफ्नो भाइको आँखाबाट छेस्को निकाल्नालाई तिमीले छर्लङ्ग देख्नेछौं ।” (मत्तीको ईन्जील ७ :१-५)

यदि तपाईंले यी भनाइहरूमा भित्र पसेर खोज्नुहुन्छ भने, ईसा अल मसीह संसारको ज्योति हुनुहुन्छ अनि उहाँका कलामहरू पालन गर्नेलाई उहाँले शान्ति र साँचो जीवन दिनुहुन्छ भन्ने कुरा बुझ्नुहुनेछ ।

अन्य सबै नवीहरू चन्द्रमाको मधुरो उज्यालो झैं हाम्रो अँध्यारो संसारमा खुदाको ज्योतिको चमकको एउटा अंश मात्र लिएर आए । तिनीहरू सानो चन्द्राकार झैं बिलाइगए । तर ईसा अल मसीह भने पोल्ने घामजस्तै हुनुहुन्छ, जुन आफ्नो ज्योतिको सम्पूर्ण शक्तिसहित चम्कन्छ । सूर्य चम्किरहेसम्म कसरी हामीले चन्द्रमालाई पछ्याउन सक्दछौं ? ईसा अल मसीह साँचो ज्योति हुनुहुन्छ । उहाँले भविष्यवाणीहरू पूरा गर्नुभयो र नयाँ व्यवस्था घोषणा गर्नुभयो जुन चाहिँ प्रेम हो । उहाँ स्वयम् नै शरीरमा आउनुभएको प्रेम



हुनुहुन्छ, त्यसैले उहाँ यसो भन्नयोग्यका हुनुहुन्छ: “बाटो, सत्य र जीवन म नै हुँ,...आकाश र पृथ्वी बितिजानेछन्, तर मेरा कलामहरू कुनै रितीले बित्नेछैनन्” (यूहन्नाको ईन्जील १४:६ र मत्तीको ईन्जील २४:३५) ।

**ईसा अल मसीहले भन्नुभयो : हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु । मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकि म नम्र र हृदयमा दीन छु; अनि तिमीहरूले आ-आफ्नो मनमा विश्राम पाउनेछौ । किनकि मेरो जुवा सजिलो, र मेरो भारी हलुका छ ।”**

(मत्तीको इन्जील ११:२८-३०)

## तपाईंले ईसा अल मसीहको शक्तिको बारेमा के सोच्नुहुन्छ ?

ईसा अल मसीहका कामहरूबारे मनन गर्ने मानिसले उहाँसँग असीमित क्षमताहरू छन् भन्ने कुरा महसुस गर्नेछ, किनकि सम्पूर्ण (स्वर्ग) जन्नतको शक्ति र अधिकार पूर्ण रूपमा उहाँलाई दिइएको थियो । उहाँले खुदाका कामहरू खुल्ला रूपमा सम्पन्न गर्नुभयो र उहाँले गर्नुभएका आश्चर्यमय कामहरू (मोजेजा) कसैले पनि गर्न सक्दैन ।

उहाँले आफ्नो जिब्रोको उच्चारणद्वारा कोरीहरूलाई निको पार्नुभयो, र आफ्नो दयाद्वारा अन्धाका आँखा खोलिदिनुभयो । उहाँले केवल कलामद्वारा नै डरलाग्दो आँधी तुफानलाई शान्त पार्नुभयो । उहाँले हप्काएरै (बदरुह) दुष्ट आत्माहरू धपाउनुभयो र उहाँले केवल पाँचवटा रोटी र दुईवटा माछाले पाँच

हजारभन्दा बढी भोकाएका मानिसहरूलाई तृप्त पार्नुभयो । पहिला यीजस्ता कुनै पनि कुरा कुनै मानिसले कहिल्यै गरेको थिएन ।

केही नवीहरूले आफ्ना खुदाको नाउँमा सीमित (मोजेजा) आश्चर्यकर्महरू गरे, तर ईसा अल मसीहले आफ्नै पूर्ण अधिकारद्वारा आफ्नै नाउँमा आफ्ना कामहरू गर्नुभयो ।

त्यहाँ लाजरस नाम गरेका एकजना मानिस थिए जो मरेका र गाडिएका थिए । उनका शोकाकुल नातेदारहरू ईसा अल मसीहकहाँ सहायता माग्न आए । उहाँ तिनीहरूको गाउँमा पुग्नुहुँदा, लाजरसलाई गाडिएको चार दिन भइसकेको थियो । त्यसपछि ईसा अल मसीह उनको (कब्र) चिहानको सामु आउनुभयो र शक्तिशाली स्वरले चिच्च्याउनुभयोः “लाजरस बाहिर निस्की आऊ” र ती मरेका मानिस साँच्चै नै कब्रबाट बाहिर निस्की आए !

**ईसा अल मसीहले भन्नुभयो : “स्वर्ग (जन्नत) र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ ।”**

(मत्तीको ईन्जील २८ : १८)

तपाईंलाई जीवित राख्नुहुनेको ईश्वरीय (खुदाई) आवाज सुन्नुहुँदा, तपाईं पनि तपाईंका गुनाहहरूको आत्मिक (रुहानी) मृत्युदेखि बौरेर उठ्नुहुनेछ । किनकि ईसा अल मसीहले यसो भन्नुभयोः “कयामत (पुनरूत्थान) र जीवन म नै हुँ” (यूहन्नाको ईन्जील ११:२५) ।

त्यो कयामतको दिन आउनेछ जुन दिन मरेकाहरू सबैले ईसा अल मसीहको आवाज सुन्नेछन् । अनि या त खुदासँग जीवनमा रहनको निम्ति वा डरलाग्दो दोजकको आगोको न्याय भोग्नको निम्ति जीवित भई उठ्नेछन् । अनि यदि तपाईंले पनि ईसा अल मसीहको आवाज सुन्न आफ्नो हृदय खोल्नुभयो भने, खुदाले तपाईलाई दोजकको आगोबाट जोगाउनुहुन्छ र (स्वर्ग) जन्नतमा आनन्द र अनन्त शान्ति पाउनुहुनेछ ।



## ईसा अल मसीहका कष्टहरूबारे तपाई के जान्नुहुन्छ ?

यो साँचो र निश्चित कुरा हो कि ईसा अल मसीह (क्रूस) सलिबमा मर्नुभयो । उहाँ अत्यन्त पीडादायी कष्ट भोगेपछि सलिबमा मर्नुभयो । उहाँ कुन मृत्युले मर्नुहुनेछ भन्ने कुरा उहाँलाई अघिबाट नै थाहा थियो । उहाँले यसबारे प्रष्ट रूपमा भविष्यवाणी गर्नुभयो ।

तपाई कहाँ मर्नुहुनेछ भन्ने कुरा के तपाईंलाई थाहा छ ? त्यो ठाउँ तपाईंको शहर हुनेछ कि सडक वा तपाईंका बिस्तारा हुनेछ ? तपाईं दुर्घटनामा परेर मर्नुहुनेछ कि स्वाभाविक रूपमा मर्नुहुनेछ ? तपाईं कति वर्षको उमेरमा, कुन महिनामा र कति गते मर्नुहुनेछ ? तपाई मर्नुभएपछि तपाईंका नातेदारहरूलाई के हुनेछ ?

हामीलाई हाम्रो मृत्युको बारेमा कत्ति पनि ज्ञान हुँदैन । नबीहरूलाई पनि तिनीहरूको तोकिए मृत्युको समयबारे थाहा थिएन । तर खुदावन्त ईसा अल मसीहलाई भने उहाँ यहूदी धर्मगुरुहरू र मूर्तिपूजक रोमीहरूद्वारा केरकार गरिएपछि अत्यन्त कष्ट सहेर यरूशलेम शहरमा मर्नुहुने कुरा थाहा थियो र उहाँले त्यसको भविष्यवाणी पनि गर्नुभयो ।

उहाँले आफ्नै स्वतन्त्र इच्छाअनुसार, उहाँ कुन दिन मर्नुहुनेथियो भन्ने कुरा पनि निर्धारण गर्नुभयो । त्यो दिनचाहिँ ठूलो (निस्तार-चाड) ईद फसहको दिन थियो जसमा मानिसहरूले थुमाको बलिदान (कुर्बानी) चढाउँदथे ताकि तिनीहरूको (पाप) गुनाहको कारण तिनीहरूमाथि खुदाको क्रोध नपोखियोस् । त्यसैले ईसा अल मसीह संसारको (पाप) गुनाह, हाम्रा खराब कामहरू बाकेर खुदाका (बर्रा) थुमाको रूपमा मर्नुभयो ताकि उहाँमा विश्वास गर्ने प्रत्येकमाथि खुदाको डरलाग्दो क्रोध नपरोस् । ईसा अल मसीहमा विश्वास गर्ने प्रत्येक मानिस सदाको निम्ति पाक (शुद्ध) हुनेछ र धर्मी ठहऱ्याइनेछ ।

अब ईसा अल मसीहले आफ्नो मृत्युको समय, तरिका र अर्थको मात्र भविष्यवाणी गर्नुभएन, तर उहाँले आफ्ना (हवारी) चेलाहरूलाई पूर्ण निश्चयताका साथ यो कुरामा विश्वस्त पार्नुभयो कि उहाँ तीन दिनपछि मरेकाहरूबाट जीवित भई उठ्नुहुनेछ । कसैले पनि ईसा अल मसीहको यो विजयी ( पुनरुत्थान) कयामतलाई रोक्न सकेन । अनि त्यो साँचो प्रमाणित भयो ।

ईसा अल मसीहले आफ्नो प्राणको बारेमा यसो पनि भन्नुभयो: “कसैले मबाट मेरो प्राण लिन सक्दैन, तर म आफ्नो ईच्छाले आफ्नो प्राण अर्पण गर्दछु। आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ, अनि फेरि लिने अधिकार पनि मसित छ। यो आज्ञा मैले मेरा पिताबाट पाएको छु” (यूहन्नाको ईन्जील १०:१८)।

कुनै पनि मानिसलाई उसको मृत्यु हुने भनी तोकिएको समय थाहा हुँदैन र कुनै पनि मानिससँग व्यक्तिगत रूपमा (पुनरुत्थान) कयामत हुने शक्ति हुँदैन। ईसा अल मसीह मर्नुभयो - मर्नको निम्ति पूर्ण रूपमा मञ्जुर भएर, संसारका गुनाहहरू बोकेर र हामीलाई धर्मी ठहऱ्याउनको निम्ति (क्रूस) सलिबमा आफ्नो जीवन अर्पण गर्नुभयो। उहाँले नै उहाँमा विश्वास गर्नेहरू सबैलाई जीवित राख्नुहुन्छ र उहाँको आत्मिक जीवन दिनुहुन्छ। आफूले भनेअनुसार मरेको र (पुनरुत्थान) कयामत भएको कुनै पनि मानिस हामीले संसारमा कदापि भेट्टाउँदैनौं। ईसा अल मसीहको मृत्यु सम्पूर्ण मानवजातिको निम्ति खुदाको महान् आशिष हो।

## ईसा अल मसीहले मृत्युमाथि पाउनुभएको विजयलाई के तपाईंले बुझ्नुभएको छ ?

ईसा अल मसीह साँचो रूपमा मर्नुभयो र चट्टानमा खोपेर बनाइएको एउटा कब्रमा गाडिनुभयो। उहाँका चेलाहरूले कब्रको ढोकामा एउटा विशाल ढुङ्गा राखिदिए र त्यस समयको सबैभन्दा विशाल रोम देश को छाप त्यो ढुङ्गामा लगाए, ताकि उहाँका चेलाहरूले रातीमा उहाँको लाश चोर्न नसकून्। तिनीहरूले उक्त कब्रको ढोका अगाडि सशस्त्र पहरेदारहरू पनि राखे।

तर तीन दिनपछि, ईसा अल मसीह मरेकाहरूबाट जीवित भएर उठ्नुभयो र कब्रबाट बाहिर आउनुभयो। पछि उहाँका चेलाहरूले त्यो कब्र रित्तो भेट्टाए। अनि जीवित ईसा अल मसीहलाई भेट्दा, उहाँ भूत पो हुनुहुन्छ भन्ने ठानेर तिनीहरू तर्से र डराएर काम्न थाले। तर उहाँले नम्र (कलाम) शव्दहरू बोल्दै तिनीहरूसँग कुराकानी गर्नुभयो र उहाँका हातहरू र खुट्टाहरूमा लागेका काँटीका डोबहरू तिनीहरूलाई देखाउनुभयो। उहाँले तिनीहरूसँगै खानुभयो र उहाँलाई छुन अनुमति दिनुभयो ताकि उहाँ वास्तवमै जीवित भईउठ्नुभएको हो र उहाँको शरीर वास्तविक हो भनी तिनीहरू विश्वस्त हुन सकून्।



**ईसा अल मसीहले भन्नुभयो : जीवित म नै हुँ, म मरेको थिएँ; अनि हेर, म सदासर्वदाका निम्ति जीवित छु।**

(प्रकाश १ : १८)

**मृत्यु विजयमा निलियो।**

(१ कोरिन्थी १५ : ५४)

खुदाबाट आएका सम्पूर्ण नबीहरू र रसुलहरू मरेर गए। तिनीहरूका लाशका हड्डीहरू अझै पनि (कब्र) चिहानहरूमा छन्। तर ईसा अल मसीह जीवित हुनुहुन्छ र उहाँ मृत्युमाथि विजयी हुनुभएको छ।

ईसा अल मसीह मरेकाहरूबाट (पुनरुत्थान) कयामत हुनुभएको कुराको अर्थ के तपाईंले बुझ्नुभएको छ ? खुदाले यो महान् कामद्वारा यो कुरा प्रमाणित गर्नुभयो कि उहाँले (सलिब) क्रूसमा टाँगिनुभएका इसा मसीहलाई प्रेम गर्नुहुन्छ र इसा मसीहले संसारको निम्ति (सलिब) क्रूसमा गर्नुभएको कुबार्नी लाई स्वीकार (कबुल) गर्नुहुन्छ।

## ईसा अल मसीह उचालिनुभएर खुदाकहाँ जानुभएको कुराबारे तपाईं के सोच्नुहुन्छ ?

ईसा अल मसीह खुदाको दाहिने हातपट्टि बस्नको लागि जन्नततिर उचालिनुभयो भन्ने कुरा के तपाईंलाई थाहा छ ? उहाँ खुदाका सबैभन्दा घनिष्ठ मित्र हुनुहुन्छ, उहाँसमान कोही पनि छैन। जसरी उहाँले जन्नतबाट ओर्लिआएर मानव शरीर धारण गर्नुभयो, त्यसरी नै उहाँ आफ्नो मृत्युद्वारा पाप, दोजक र (इब्लीस) शैतानलाई पराजित गर्नुभएपछि जन्नतमा फर्किजानुभयो।

उहाँको नाउँमा खुदाकहाँ जानेहरू सबैको लागि उहाँ विश्वासयोग्य र शक्तिशाली मध्यस्थकर्ता हुनुहुन्छ। उहाँको मध्यस्थतामा विश्वास गर्ने सबैले

आफ्ना हृदय (रुहे पाक) पवित्र आत्माले भरिएको थाहा गर्दछन् । तिनीहरूको मन नयाँ हुन्छ र तिनीहरूलाई (कुद्रती) ईश्वरीय जीवन दिइन्छ जनु शुद्ध व्यवहारमा प्रकट हुन्छ । यदि तपाईंले जीवित ईसा अल मसीहको अस्तित्वलाई र उहाँको उद्धार दिने कामलाई अनुभव गर्न चाहनुहुन्छ भने, उहाँका आत्माको शक्तिको निम्ति तपाईंको हृदय स्वेच्छापूर्वक खोल्नुहोस् र तपाईंले विश्वासद्वारा उहाँलाई देख्नुहुनेछ, अनि तपाईंको जीवन उहाँको योजनासँग मेल खाने मार्गमा प्रवेश गर्नेछ ।

ईसा अल मसीहलाई इन्कार गर्नेहरू सबैले खुदा स्वयम्लाई इन्कार गर्दछन् जसले संसारको (गुनाह) पापको प्रायश्चितको रूपमा ईसा अल मसीहलाई अर्पण गर्नुभयो । खुदाले उहाँकहाँ (जन्नत) स्वर्गमा उक्लिजानुभएका ईसा अल मसीहलाई सम्बोधन गर्दै नवी दाऊदलाई प्रकट गर्नुभएको भविष्यवाणी पूरा गर्नुभयो: "तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ" (जबूर ११०:१) ।

ईसा अल मसीहमा घोषणा गरिएको खुदाको प्रेमलाई इन्कार गर्ने सबैले आफैलाई दोषी ठहऱ्याउँदछन् । खुदाको अनुग्रहलाई इन्कार गर्ने हरेक मानिस उसले गरेको इन्कारको कारणले गर्दा खुदाको क्रोधमा पर्न योग्य हुन्छ र त्यसो गरिनु नै पर्दछ किनकि खुदाले उपलब्ध गराउनुभएको मुक्तिको एक मात्र बाटोलाई उसले स्वेच्छापूर्वक इन्कार गरेको छ ।

ईसा अल मसीहको (कयामत) पुनरुत्थान नभएसम्म, मृत्यु नै मानवजातिको सबैभन्दा ठूलो शत्रु थियो । तर ईसा अल मसीहले मृत्युलाई पराजित गर्नुभयो र उहाँ पुनः जीवित देखा पर्नुभयो । उहाँ कहिल्यै मर्नुहुनेछैन । इसा मसीहमा इमान ल्याउने हरेक मानिस दुष्टलाई पराजित गर्ने उहाँको जीवनको शक्तिको सहभागी हुनेछ । के तपाईंले ईसा अल मसीहको पुनरुत्थानमा रहेको (बरकत) आशिषलाई बुझ्नुभयो, र के तपाईंले यसलाई इन्कार गर्नुभएको छ ? .... यसलाई अहिले नै (कबुल) स्वीकार गर्नुहोस् ! आमिन्

**ईसा अल मसीह खुदाको दाहिने हाततर्फ बसिरहनुभएको छ ।**

(कलस्सी ३ : ४)



# पृथ्वीमा हुने ईसा अल मसीहको दोस्रो आगमनको बारेमा तपाई के जान्नुहुन्छ ?

ईसा अल मसीह आफै प्रेम हुनुहुन्छ । उहाँले सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ, विशेष गरी तिनीहरूलाई जो उहाँको प्रेमको आत्मामा जिउँदछन्, जसमा तिनीहरू प्रेम गर्ने र क्षमा दिने बन्दछन् जसरी खुदाले ईसा अल मसीहमा तिनीहरूलाई माफी दिनुभयो । किनकी खुदाले हामीलाई वास्ता गर्नुहुन्छ र हामी सधैंभरि खुदासँगै रहौं भन्ने चाहनुहुन्छ । ईसा अल मसीहले आफ्नो मृत्यु र (कयामत) पुनरुत्थानको बारेमा भविष्यवाणी गर्नुभए झैं गरी उहाँको दोश्रो आगमनको बारेमा पनि प्रष्ट रूपमा भविष्यवाणी गर्नुभयो । हरेक बुद्धिमानी मानिसले ईसा अल मसीह महान् विजयको साथमा आउनुहुनेछ भन्ने जानेर उहाँलाई भेट्न आफूलाई तयार पार्दछ । उहाँले दिनुहुने मुक्तिलाई गरेकाहरूलाई उहाँले ती मानिसहरूदेखि छुट्ट्याउनुहुनेछ जो कठोर हृदय भएका, घमण्डी हुन्छन् र जसले आफू ईसा अल मसीहको माफीको खाँचोमा परेका पापीहरू हौं भनी (कबुल) स्वीकार गर्दैनन् ।

प्रिय मित्र, ईसा अल मसीहलाई (कबुल) स्वीकार गर्न ढिलो नगर्नुहोस् ताकि तपाईं अन्तिम न्यायमा असफल नहुनुहोओस् । किनकि इसा मसीहले मात्र आउन लागेको (दोजक) नरकको आगोको क्रोधदेखि तपाईंलाई बचाउन सक्नुहुन्छ ।

विश्वासयोग्य विश्वासीहरू सबैले निरन्तर चाहना गर्दै ईसा अल मसीहको आगमनको आशा गर्दछन् । ईसा अल मसीह चाँडै आउँदै हुनुहुन्छ भन्ने कुरा यहूदीहरू र मुस्लिमहरूलाई पनि थाहा छ । ईसा अल मसीहले

**किनभने जसरी बिजुली पूर्वबाट निस्केर पश्चिमसम्म चम्कन्छ, ईसा अल मसीहको आगमन पनि त्यसरी नै हुनेछ ।**

(मत्तीको इन्जील २४:२७)

चालीस वर्षसम्म संसारमा शासन गर्नुहुनेछ भनी केही मुस्लिम विद्वानहरूले विश्वास गर्दछन् । केहीले उहाँको शासन एक सय वर्षको हुनेछ भनी अनुमान गर्दछन् । ईसा अल मसीहमा ईमान ल्याउनेहरू त्यो राज्य हजार वर्षको हुने कुरामा निश्चित छन् । तर बाइबलले हामीलाई यो निश्चयता दिन्छ कि ईसा अल मसीह राजाहरूका पनि राजा र सर्वोच्च खुदा हुनुहुन्छ र उहाँको कुनै अन्त छैन । उहाँको राज्य सधैंभरि रहन्छ । ईसा अल मसीहले यसो भन्नुभयो: "म राजा हुँ भनी तपाईं नै भन्नुहन्छ । सत्यका विषयमा गवाही दिन म जन्मिएँ र यसैका निम्ति नै म संसारमा आएँ, हरेकले जो सत्यको हो, मेरो स्वर सुन्छ" (यूहन्नाको इन्जील १८:३७) ।

## ईसा अल मसीहका नाउँहरू र शीर्षकहरूबाट तपाईंले के बुझ्नुभएको छ ?

केही नबीहरूका विशेष शीर्षकहरू छन् । इब्राहिम खलीलुल्लाह (खुदाका मित्र) थिए, मुसा खुदाका कलीमुल्लाह (प्रवक्ता) थिए र ईसा अल मसीह चाहिँ कलामतुल्लाह (खुदाको कलाम) र रुहअल्लाह (खुदाबाट आउनुभएका आत्मा) हुनुहुन्छ । तर इन्जीलको किताबमा, हामीले प्रत्यक्ष प्रकाशको बारेमा पढ्न पाउँदछौं, जब (जन्नत) स्वर्गबाट यसो भन्ने आवाज आयो: "(जन्नत) स्वर्गबाट यसो भन्ने एउटा आवाज आयो: "यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अत्यन्त प्रसन्न छु; यिनैको कुरा सुन" (मत्तीको ईन्जील १७:५) ।

"खुदाका पुत्र" अभिव्यक्तिको अर्थ के हो ? एक बच्चामा उसको पिताको जस्तै स्वरूप हुन्छ । त्यसै गरी हामीले ईसा अल मसीहमा खुदाका गुणहरू देख्दछौं, जसरी ईसा अल मसीहले आफ्ना चेलाहरूलाई भन्नुभयो: "जसले मलाई देखेको छ, उसले खुदालाई देखेको छ" (यूहन्नाको ईन्जील १४:९) । खुदाले यस्तो कुरालाई प्रतिबन्ध लगाउनुहुन्छ भनी तपाईंले भन्न सक्नुहुन्छ ! ईसा अल मसीह त एक नबी मात्र हुनुहुन्छ भनी तपाईं सोच्नुहुन्छ होला । तर हामी तपाईंलाई सोध्दछौं: सूरह आले इम्रान ३:५० अनुसार किन तपाईंले ईसा अल मसीहका आज्ञाहरू पालन गर्नुभएन ? यदि तपाईंले साँचो रूपमा (तौबा) पश्चात्ताप गर्नुभएको छैन र तपाईंका विचारहरू र कामहरूमा



परिवर्तन हुनुभएको छैन भने तपाईंको न्याय भइसकेको छ ।

ईसा अल मसीह पापका दासहरूलाई मुक्त पार्न खुदाको दासको रूपमा देखा पर्नुभयो भन्ने कुरा एउटा ठूलो रहस्य हो । उहाँ हामीलाई साँचो मनुष्यत्व के हो भन्ने कुरा देखाउन एक नम्र मानिसको रूपमा संसारमा आउनुभयो । त्यसैले शक्ति र महिमाले हाम्रो उद्धार गर्दैन, तर ईसा अल मसीहको प्रेमले मात्र उद्धार (नजात) गर्दछ । तरवार बोक्ने जोसुकै पनि बलियो देखिन्छ, तर आफैलाई जित्नेचाहिँ अत्यन्त बलियो हुन्छ । सबैभन्दा महान् उहाँ नै हुनुहुन्छ जसले आफ्नो जीवन धेरैजनाको छुटकाराको मोलको रूपमा अर्पण (कुर्बान) गर्नुभयो । यसैकारण, चेला (ह्वारी) यूहन्नाले यसो भन्दै स्वीकार गरे: "अनि कलाम शरीर हुनुभयो, अनि हाम्रा माझमा अनुग्रह र सत्यताले पुर्ण भएर वास गर्नुभयो, अनि हामीले पिताका एक मात्र जन्माइएका पुत्रको महिमा जस्तो उहाँको महिमा देख्यौं" (यूहन्नाको ईन्जील १:१४) ।

खुदावन्द दयालु, प्रेम गर्ने र माफि दिने पिता हुनुहुन्छ भन्ने कुरा बताउन ईसा अल मसीहले मानव रूपमा शरीर धारण गर्नुभयो । ताकी उहाँ एक विनाशकर्ता वा स्वार्थी व्यक्ति नभई एक विजेता हुनुहुन्छ भन्ने कुरा हामीले बुझ्न सकौं । त्यसैले, ईसा अल मसीहले हामीलाई खुदाको बारेमा नयाँ ज्ञान दिनुभयो । अनि ईसा अल मसीहले हामीलाई (खुदाई) इश्वरीय गुणहरूको बारेमा बताउनु मात्र भएन, तर उहाँले हाम्रो सामु खुदाको प्रेम व्यवहारमा उतारेर देखाउनुभयो ताकि हामीले नयाँ युगको आदर्श-वाक्यलाई बुझ्न सकौं: जो अनन्त प्रेम हो ।

**र सारा समझलाई माथ गर्ने खुदाको शान्तिले तिमीहरुका हृदयहरु र विचारहरुलाई ईसा अल मसीहमा रक्षा गर्नेछ ।**

(फिलिप्पी ३ : ७)

# ईसा अल मसीहले तपाईंलाई प्रदान गर्नुभएको कुराप्रति तपाईंको प्रतिक्रिया के छ ?

खुदाका पुत्रले तपाईंलाई नम्र आवाजमा यसो भन्नुहुन्छः "हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरूहो, मकहाँ आओ, अनि म तिमीहरूलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकि म नम्र र हृदयमा दीन छु; अनि तिमीहरूले आ - आफ्नो मनमा विश्राम पाउनेछौ। किनकि मेरो जुवा सजिलो, र मेरो भारी हलुका छ" (मत्तीको ईन्जील ११:२८३०)।

ईसा अल मसीहले यस्ता (कलाम) शब्दहरूद्वारा आफ्ना (ह्वारी) चेलाहरूलाई बोलाउनुहुँदा, उहाँको बोलावटमाथि भरोसा गरेर तिनीहरू जुरुक्कै उठे, आ-आफ्ना घर, बुबाआमा र कामहरू छोडे अनि ईसा अल मसीहको पछि लागे। उहाँलाई पछ्याउँदै जाँदा, तिनीहरूले उहाँलाई बुझे, उहाँमा ईमान ल्याए अर्थात उहाँमा विश्वास गरे। र आफ्ना जीवन उहाँप्रति समर्पण गरे अनि अन्तमा तिनीहरू (रुह तागत) पवित्र आत्माको शक्तिले भरिए। आज ईसा अल मसीह जीवित हुनुहुन्छ र तपाईंले पनि ईसा अल मसीहमा इमान ल्याउनुहोस् अर्थात विश्वास गर्नुहोस् भनी पर्खनुहुन्छ किनभने उहाँले तपाईंलाई सबै कुरा छोडेर उहाँको पछि लाग्न व्यक्तिगत रूपमा बोलाउनुहुन्छ। त्यसपछि तपाईंले ईसा अल मसीहलाई बढीभन्दा बढी जान्नुहुनेछ र तपाईंले आफूलाई उहाँको दयामा सुम्पिदिनुहुनेछ। उहाँले तपाईंका बोलीहरू र कामहरूमा परिवर्तन गर्नको लागि तपाईंलाई उहाँका (रुहल कुद्दुस) पवित्र आत्माले अभिषेक गर्नुहुनेछ। त्यसपछि तपाईं विश्वासयोग्य, उपयोगी, नम्र र प्रेम गर्ने व्यक्ति हुनुहुनेछ। अनि खुदाको (सलाम) शान्ति, जसले सबै ज्ञानलाई माथ गर्दछ, त्यसले हुनै लागेको ईसा अल मसीहको (कयामत) दोस्रो आगमनसम्म तपाईंको हृदय र मनलाई शुद्ध राख्नेछ।



# साधारण ज्ञानको जाँच

प्रिय पाठकवृन्द, यदि तपाईंले यो किताबका प्रश्नहरू र जवाफहरू अध्ययन गर्नुभएको छ भने, निम्नलिखित प्रश्नहरूको जवाफ दिन तपाईं सक्षम हुनुहुनेछ। यदि तपाईंका अधिकांश जवाफहरू सही छन् भने, हामी तपाईंलाई **"हामीले इन्जीलको सत्यता कसरी जान्न सक्दछौं"** नामक किताब वा तपाईंले मन पराउनुहुने अर्को किताब प्रदान गर्नेछौ।

**प्रश्नहरूः**

१. ईसा अल मसीहको जन्मबारे कुन कुरा आश्चर्यजनक छ ?
२. ईसा अल मसीह किन सदैव (बेगुनाह) निर्दोष रहनुभयो ?
३. ईसा अल मसीहका कलामहरूको रहस्य के हो ?
४. ईसा अल मसीहका कुन-कुन कामहरूले तपाईंलाई सबैभन्दा प्रभावित तुल्याए ?
५. ईसा अल मसीहको मृत्युको बारेमा कुन कुरा अनौठो छ ?
६. मरेकाहरूबाट भएको ईसा अल मसीहको (कयामत) पुनरुत्थानको अर्थ के हो ?
७. अहिले ईसा अल मसीह कहाँ बसिरहनुभएको छ र उहाँले के गरिरहनुभएको छ ?
८. ईसा अल मसीहको दोश्रो आगमनको बारेमा तपाईंले के बुझ्नुभयो ?
९. किन खुदाले ईसा अल मसीहलाई उहाँका पुत्र भन्नुभयो ?
१०. तपाईंले ईसा अल मसीहको बारेमा के सोच्नुहुन्छ ?

तपाईंका जवाफहरू प्रष्ट रूपमा लेख्नुहोस् र तिनलाई निम्नलिखित ठेगानामा पठाउनुहोस्:

**खुदाका कलाम**

पो.ब.नं. १६१५
काठमाडौं, नेपाल
इमेल : khudakakalam@gmail.com
मो.नं. ९८०८०८३५२०

## उर्दु शब्दार्थ :

**ईसा अल मसीह** : येशू मसीह, येशू खीष्ट
**खुदा** : एक मात्र सत्य परमेश्वर
**खुदावन्द** : एक मात्र सत्य परमेश्वर
**रब** : प्रभु, मालिक
**कलाम** : परमेश्वरको वचन, शव्द
**कुदरती** : ईश्वरीय
**गुनाह** : पाप
**दुश्मन** : शत्रु
**कयामत** : पुनरुत्थान, मृत्युबाट फेरी जीवित भई उठ्नु
**दोजक** : नरक, नर्क
**नवी** : अगमवक्ता
**रसुल** : प्रेरित
**जन्नत** : स्वर्ग
**इन्जील** : इसा मसीहमा अवतरित किताब, सुसमाचार
**रूह** : आत्मा
**सलीब** : क्रूस
**इसाइ** : इसा मसीहमा इमान ल्याउने व्यक्ति
**इसा मसीह** : येशू खीष्ट
**दुवा** : प्रार्थना
**जबूर** : भजन संग्रह
मोजज़े : आश्चर्य काम
**रूहानी मौत** : आत्मिकी मृत्यु
**अहद्नामा** : करार, प्रतिज्ञा
**रोसनी** : ज्योति
**कलामतुल्लाह** : खुदाको वचन अर्थात इसा मसीहलाई जनाउने अर्को नाम



**रूहअल्लाह** : खुदाको आत्मा अर्थात इसा मसीहलाई जनाउने अर्को नाम
**रूहुल कुद्दुस** : पवित्र आत्मा
**तौवा** : पश्चात्ताप
**नजात** : उद्धार, मुक्ति
**जलाल** : महिमा
**इम्मानुएल** : खुदा हामीसँग
**पाक** : पवित्र
**गुनहेंगार** : पापी मानिस
**मआनी** : धर्मी
**बदरूह** : दुष्ट आत्मा
**सरियत** : व्यवस्था
**फरिस्ता** : स्वर्गदूत
**आखिरत** : अन्तिम दिन, न्यायको दिन
**ह्वारी** : ईसा मसिहको चेला
**रूहकुद्दुस** : पवित्र आत्मा
**उलमा** : शास्त्री
**ईद फसह** : निस्तार चाड़

**“अनि कलाम शरीर हुनुभयो, अनि हाम्रा माझमा अनुग्रह र सत्यताले पूर्ण भएर वास गर्नुभयो” ।**
(यूहन्नाको ईन्जील १:१४)